# बिरामीको ज्यान जोगाउँदै संक्रमित स्वास्थ्यकर्मी

■ भेषराज बस्नेत

**राँझा**-कोरोना संक्रमितको उपचार हुँदै आएको नेपालगञ्जस्थित भेरी अस्पतालमा कार्यरत ७३ स्वास्थ्यकर्मी र कर्मचारी संक्रमित हुन पुगेका छन् । कोभिड-१९ को दोस्रो लहरसँगै अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारीमा पनि यसको संक्रमण उल्लेख्यरूपमा देखापरेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा प्रकाश थापाले जानकारी दिए ।

उनका अनुसार यही वैशाख १ गतेदेखि आजसम्म ७३ स्वास्थ्यकर्मी र कर्मचारीमा संक्रमण पुष्टि भएको छ । नर्सिङ स्टाफ ३३, चिकित्सक आठ, प्यारामेडिक्स आठ, सहायक कर्मचारी २२ र प्रशासनसँग आबद्ध दुई गरी अहिलेसम्म ७३ जना संक्रमित भएका छन् ।

कैयौं नर्सिङ स्टाफ संक्रमित भएर पनि आफूजस्तै संक्रमितको उपचारमा खटिएका छन् । आफ्नो ज्यानको बाजी लगाएर पनि बिरामीको सेवामा अहोरात्र खटिएका सबै कर्मचारीप्रति अस्पतालले आभार प्रकट गरेको छ । भेरी अस्पतालमा जनशक्तिको कमी हुँदा संक्रमित स्वास्थ्यकर्मी पनि उपचारमा खटिनुपरेको हो । करिब १० स्टाफ नर्स आफैं संक्रमित भएर पनि अरु बिरामीको उपचारमा खटिएको अस्पतालका प्रमुख डा थापाको भनाइ छ ।

सो अस्पतालमा कोरोना बिरामीका लागि १४२ शैया छुट्याइएकामा संक्रमितको चाँपसँगै त्यसलाई बढाइएको छ । अहिले भेरीमा २१२ बिरामी छन् । शैया बढ्दै जाने, स्वास्थ्यकर्मी नबढ्ने र भएका पनि संक्रमित भएपछि समस्या भएको छ । पाँच स्टाफ नर्सले १०० जनासम्म बिरामी हेर्नुपर्ने बाध्यता रहेको



अस्पताल विकास समितिका अध्यक्ष प्रमोद धितालले बताए ।

उनका अनुसार दुई दिनअघि भेरीले जनशक्ति करारमा नियुक्ति गर्ने अधिकार पाएको छ । अस्पतालले ६० कर्मचारी आह्वान गरेको छ । अस्पतालले एनेस्थेसियोलोजिस्ट तीन, मेडिकल अधिकृत १०, नर्सिङ अधिकृत दुई, ल्याब टेक्निसियन पाँच र स्टाफ नर्स ४० जना करारमा माग गरेको छ ।

**मृतकको संख्या सय नाघ्यो**

बाँकेमा कोरोना संक्रमणका कारण १०० भन्दा बढीको ज्यान गएको छ । कोरोना संक्रमित भई बाँकेका अस्पतालमा भर्ना भएका थप छ जनाको उपचारका क्रममा मृत्यु भएको छ । मृतक नेपालगञ्ज, कोहलपुर र बर्दिया बढैयाताल गाउँपालिका निवासी छन् । बुधबार राति ९:०० देखि बिहान ५:३० बजेसम्मको अवधिमा भेरी अस्पताल नेपालगञ्ज र नेपालगञ्ज मेडिकल कलेजको शिक्षण अस्पताल कोहलपुरमा गरी छ संक्रमितको मृत्यु भएको कोभिड संकट व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीले जानकारी दिए ।

उनका अनुसार यही वैशाख १२ गते पिसिआर जाँच गर्दा कोरोना पोजिटिभ रिपोर्ट आएपछि वैशाख १५ गते शिक्षण अस्पताल कोहलपुरमा भर्ना भएकी नेपालगञ्ज उपमहानगरपालिका-१३ निवासी ५८ वर्षीया महिलाको बुधबार राति ९:०० बजे मृत्यु भएको छ । यसैगरी भेरी अस्पतालमा उपचाररत नेपालगञ्ज-४ निवासी ६० वर्षीय पुरुष र शिक्षण अस्पताल कोहलपुरमा उपचाररत कोहलपुर नगरपालिका-११ निवासी ४३ वर्षीया महिलाको बुधबार राति करिव ९:०० बजे नै मृत्यु भएको थियो ।

यसैगरी भेरी अस्पतालमा नेपालगञ्ज-९ निवासी ४२ वर्षीय पुरुषको बुधबार राति १०:०० बजे मृत्यु भएको छ भने बढैयाताल गाउँपालिका-८ निवासी ३२ वर्षीय पुरुषको भेरी अस्तालमै उपचारका क्रममा विहिबार बिहान १:३० बजे मृत्यु भएको छ ।

पछिल्लो पटक शिक्षण अस्पताल कोहलपुरमा उपचाररत नेपालगञ्ज-५ निवासी ५५ वर्षीय पुरुषको विहिबार बिहान ५:३० बजे मृत्यु भएको स्रोत व्यक्ति वलीले बताए । यससँगै बाँकेमा कोरोनाबाट मृत्यु हुनेको संख्या १०६ पुगेको छ भने बाहिरी जिल्लाबाट बाँकेमा उपचार गराउन आउँदा उपचारकै क्रममा हालसम्म १०९ जनाको मृत्यु भएको छ । रासस

# कोरोना सम्बन्धि ५८४ वटा सचेतनामूलक कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं**-कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपाल प्रहरीले पछिल्लो २४ घण्टामा ५ सय ८४ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ ।

उक्त कार्यक्रममा देशभर गरी जम्मा १ लाख ३२ हजार ९ सय ४६ जना सहभागी भएका छन् । नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीलाई दृष्टिगत गरी संक्रमण रोक्न तोकिएको सुरक्षा मापदण्डलाई दुरुस्त रूपमा कार्यान्वयनका लागि नेपाल प्रहरीले ‘संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं’ भन्ने नारा सहित ‘ तपाईंको मास्क खै ?’ लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरेको हो ।

अभियानको क्रममा पछिल्लो २४ घण्टामा २५ हजार ८ सय ८४ जनालाई निःशुल्क मास्क वितरण गरिएको छ । मास्क नलगाई हिँडडुल गर्ने ५८ हजार १ सय ५२ जनालाई होल्डिङ जोनमा राखी सम्झाई बुझाई छाडिएको छ ।

तोकिएको मापदण्ड उल्लंघन गर्ने १ हजार ९१ जनालाई



संक्रामक रोग ऐन, २०२० बमोजिम जरिवाना गरिएको छ ।

कार्यक्रम अन्तर्गत नेपाल प्रहरीले विभिन्न स्थानहरूमा कोभिड-१९ को जोखिम न्यूनीकरणको लागि सचेतनामूलक सन्देश सहितको माइकिङ, सवारी साधनहरूको चेकजाँच, सचेतनामूलक प्लेकार्ड प्रदर्शन लगायतका कार्यक्रमहरू मार्फत मास्क तथा स्यानिटाइजरको सहि प्रयोग र नियमित मास्क लगाउन सबैमा अनुरोध समेत गरेको छ ।

कार्यक्रमलाई थप प्रभावकारी र सफल बनाउन नेपाल प्रहरीले अन्य सुरक्षा निकाय लगायतका सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य गरी अनुगमनलाई समेत तिब्रता दिएको छ ।

सतेतनासँग सँगै कोरोना माहामारी नियन्त्रणका लागि गरिएको निषेधाज्ञा उल्लंघन गर्ने करिब १९ सय वटा सवारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाका अनुसार दिनभरमा १९ सय २० सवारीलाई होल्ड गरेर राखिएको छ ।

महाशाखाका प्रवक्ता श्यामकृष्ण अधिकारीका अनुसार बिहीबार सवारी पासविना नै चलेका १ हजार ३५५ वटा मोटरसाइकललाई नियन्त्रणमा लिइएको छ ।

त्यसैगरी ३८१वटा साना जिप/कारहरू पनि होल्ड गरिएका छन् । निषेधाज्ञामा विभिन्न बाहना बनाएर चलेका १८४ वटा ठूला सवारीसाधन पनि प्रहरीको फन्दामा परेका छन् ।

# कोरोना सम्बन्धी अन्योल कायमै

■ विमलबहादुर विष्ट

**डोटी**-जिल्लामा कोरोना संक्रमण रोकथाम तथा उपचारको तयारी प्रभावकारीरूपमा तयारी हुन नसक्दा अन्योलता सिर्जना भएको छ । भारतबाट फर्किएका ६८ जनामा कोरोना संक्रमण देखिएको छ भने दुई जनाको ज्यान गइसकेको छ । जिल्लामा दैनिकरूपमा कोरोना संक्रमितको संख्या बढिरहेको भए पनि यहाँका स्थानीय तहले कोरोना नियन्त्रण तथा रोकथामका लागि खासै पहल नचालेका कारण समस्या उत्पन्न भएको स्थानीयवासीको आरोप छ ।

दुई नगरपालिका तथा सातवटा गाउँपालिकासहित नौ स्थानीय तह रहेको डोटीमा कुनै पनि स्थानीय तहले भारतबाट रोजगारी गरी घर फर्किएका जिल्लाका नागरिक राख्नका लागि क्वारेन्टिनसमेत निर्माण गरेका छैनन् । क्वारेन्टिन निर्माण नगरिएका कारण भारतबाट आएकाहरू सिधैं गाउँ जाने तथा समुदायमा घुलमिल हुने गरेका कारण कोरोना संक्रमणदर फैलिँदै गएको दिपायल सिलगढी नगरपालिका-४ पिपल्लाका स्थानीयवासी सुरज विकले बताए । उनले भने, ‘कोरोना नियन्त्रण तथा रोकथामका लागि यहाँका स्थानीय तहले यो वर्ष खासै चासो देखाएनन्, जिल्लामा कोरोना संक्रमितको संख्या बढ्दै गएको छ, जसले गर्दा महामारीको रूप लिन सक्छ ।’

दैनिकजसो छिमेकी मुलुक भारतलगायत देशका विभिन्न स्थानबाट स्थानीयवासी जिल्ला भित्रने क्रम बढिरहेको भए पनि जिल्ला बाहिरबाट आउने व्यक्तिको तथ्यांक लिने, व्यवस्थापन गर्नेलगायत कामको शुरुआतसमेत नगरिएको अर्का स्थानीयवासी मोहन पनेरुले बताए । उनले भने, ‘जिल्ला बाहिर तथा विदेशी मुलुकबाट कति जना आए सो विषयमा अहिलेसम्म कसैले पनि रेकर्ड राखेका छैनन्, उनीहरूको अवस्था के छ, कहाँ बसेका छन् रेकर्ड नहुँदा झनै गारो भएको छ ।’ जिल्ला प्रशासन कार्यालयले भारतबाट घर फर्किएकालाई अनिर्वाय होम क्वारेन्टिनमा बस्न आग्रह गरेको भए पनि भारतबाट आएकाहरू गाउँगाउँमा डुल्ने गरेका कारण यहाँका गाउँघरमा कोरोनाको बढी जोखिम रहेको स्थानीयवासी बताउँछन् ।

‘भारतबाट आएकालाई केही दिन अलग्गै बस्न आग्रह गर्दा उल्टै गाली गर्छन्, हामीले त नसक्ने भयौं, सरकारीस्तरबाट कुनै प्रयास देखिएन’, दिपायल सिलगढी नगरपालिका-१ तीखागाउँका स्थानीयवासी देवेन्द्र खड्काले भने, ‘भारतबाट आएका नागरिक गाउँगाउँ डुल्दैछन्, हामीले भन्दा मान्दैनन्, उनीहरूलाई कसले होम क्वारेन्टिनमा राख्ने यही समस्याले पिरोलेको छ ।’

उता प्रमुख जिल्ला अधिकारी सुनिल खनालले भारतबाट रोजगारी गरी घर फर्किएका नागरिकलाई अनिवार्य होम क्वारेन्टिनमा बस्न लगाउन सबै स्थानीय तहलाई आग्रह गरिएको बताए । उनले भने, ‘लकडाउन नै कोरोना समस्याको समाधान होइन, सबैलाई होम क्वारेन्टिनमा बस्न आग्रह गरेका छौं, अटेर गर्नेलाई कानूनी कारवाही हुनेछ ।’

अघिल्लो वर्ष भारतलगायत तेस्रो मुलुकबाट आएकाहरूको व्यवस्थापनमा सक्रिय देखिएका यहाँका स्थानीय तहका जनप्रतिनिधिसमेत यस वर्ष सुस्त देखिएका छन् । कोरोना संक्रमण रोकथाम तथा उपचारका नाममा डोटी जिल्लाका नौवटै स्थानीय तहहरूले गत आर्थिक वर्षको फागुनदेखि असार महिनासम्म पाँच महिनाको अवधिमा करिब १२ करोड खर्च गरेका थिए ।

# युपिएफको अन्तर्राष्ट्रिय सम्मेलनल शुरु

■ प्रभाव संवाददाता

**काठमाडौं**-उत्तरपूर्बि एशियामा शान्तिको पहलकदमी अभियान अर्न्तगत युनिर्भसल पीस फेडेरेसनको अन्तराष्ट्रिय सम्मेलन विहिबारबाट शुरु भएको छ ।

यहि बैशाख १६ देखि १८ सम्म सञ्चालन हुने भर्चुयल सम्मेलनलाई उत्तरपूर्वि एशिया क्षेत्रका दजनौ देशहरूबाट ५ हजार भन्दा बढी प्रत्यक्ष सहभागिता रहने आयोजकले जनाएको छ ।

सम्मेलनको उद्घाटन सत्रमा फिलिपिन्सका पूर्व सभामुख जोसे डे भेनेसिया, युफिएफ अन्तराष्ट्रिका अध्यक्ष डा.थोमस जि बाल्स लगायतले सम्बोधन गर्ने छन् । बिश्व एकताको आधारसिला मार्फत कोरियन प्रायदिप शान्तिपूर्ण एकिकरण प्रयास बिषयमा हुने छलफलमा राष्ट्रप्रमुखहरू, सांसदहरू, अन्तरधार्मिक नेतृत्वहरू, महिला नेतृत्वहरू, आमसंचार, शिक्षाविद्हरू, व्यवसायीक नेतृत्वकर्ताहरू, र युवा तथा विद्यार्थी नेतृत्वहरू कलाकारहरूको सत्र गरी सम्मेलनलाई आठ क्षेत्रहरूमा विभाजित गरि छलफल गरिने छ ।

सम्मेलनमा उतरपूर्बि एशिया र बिश्व शान्तिको योगदानमा सरकार र राजनैतिक नेतृत्वको भूमिकाको बारेमा छलफल हुनको साथै साही बिषयमा सांसदहरूको भूमिका, घार्मिक नेतृत्वको भूमिका, संञ्चार क्षेत्रको भूमिका , प्रथम महिला र महिला नतृको भुमिका, शैक्षिक क्षेत्र, ब्यब्सायी तथा कला र संस्कृतिको भूमिका के हुन सक्छ भन्ने बारेमा बृहत छलफल हुने छ ।


## ऋतु वचत तथा ऋण सहकारी संस्था लि.

केशा प्लाजा, न्यूरोड २२, काठमाडौं, फोन ४२२०१८९

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना**

प्रकाशित मिति २०७८।०१।१६

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको यस सहकारी सस्था साग कर्जा लिदा गरेको शर्त सम्झौता बमोजिम तिर्न बुझाउनु पर्ने सावा व्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउन को लागी निजलाई पटक पटक लिखित तथा मौखिक रुपमा तर ताकेता गर्दा र संस्थाका प्रतिनिधिसंग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्न मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्बजनिक सूचना प्रकाशित गरियको छ । यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई कर्जा चुक्ता भुक्तान गर्नु होला । उक्त म्याद भित्र कर्जा चुक्ता भुक्तान नगरी बसेमा कर्जा लिदां संस्थालाई धितो लेखिदिएको तपसिलको चल अचल सम्पत्ति सहकारी ऐन, २०७४ बमोजिम लिलाम, बिक्रि वा अन्य व्यबस्था गरि कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई उपलब्ध गरायको धितो बाट यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पत्तीबाट लेना बाकी रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणी। जमानीकर्ता को नाम तथा ठेगाना | ऋणी। जमानीकर्ता को फोटो | धितो को बिबरण |
|---|---|---|
| नाम: दुर्गा ढकाल<br>बाजे :शिव दत्त ढकाल<br>बाबु: देवी प्रसाद ढकाल<br>पति: बिश्व नाथ शर्मा<br>ठेगाना: तनहु, भानु गा.वि.स ०२ ,ना.प्र न.७४७ |  | ऋणी दुर्गा ढकालको नाममा दर्ता रहेको काठमाडौ जिल्ला कलकीं का.म.न.पा बडा नं १४ को कित्ता नं ६०० को क्षेत्रफल १३०।८९ जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापत समेत । |
| जमानीकर्ता | | |
| नाम: बिश्व नाथ शर्मा<br>बाजे :दुर्गा नाथ शर्मा<br>बाबु: चेतनाथ प्याकुरेल<br>पत्नि: नर नाथ उपाध्याय<br>ठेगाना: भरतपुर बडा नं ३ चितवन, ना.प्र न.४८०० |  | |



## Kaligandaki Rural Municipality

Office of the Rural Municipal Executive

**Invitation for Bids for the Construction of Park in Bhrigutungeswor Temple, Sita Gufa and Hanumanthan**

Contract Identification No: KLGD/W/NCB/PARK/05/077/78

Date of publication: 30th April 2021 ( 17th Baishakh, 2078)

1. The Government of Nepal and Kaligandaki Rural Municipality,Syangja ***has allocated funds*** towards the cost of **Construction of Park in Bhrigutungeswor Temple, Sita Gufa and Hanumanthan** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for KLGD/W/NCB/PARK/05/077/78***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Kaligandaki Rural Municipality, Office of the rural Municipal Executive*** invites electronic bids from eligible bidders for the **Construction of Park in Bhrigutungeswor Temple, Sita Gufa and Hanumanthan** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs. 45,000,000.00
   Minimum Work experience of similar size and nature: Nrs 23,000,000.00
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the website of ***Kaligandaki Rural*** **Municipality www.kaligandakimunsyangja.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp**.
5. Bidder can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 5,000.00** Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Prime Commercial Bank Ltd.**
   **Name of Office: Office of the Rural Municipal Executive, Kaligandaki Rural Municipality, Birgha, Syangja. Office Account no.: 06700187CA**
6. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before ***12:00 Hrs*** on ***30th May 2021.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hrs on 30th May 2021*** at the office of ***Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja.***
8. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs 860,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid. Bidder who choose to provide bid security in form of cash, the cash amount should be deposited in dharauti account of Kaligandaki Rural Municipality, Account No. 06700202CA at Prime Bank Ltd., Kaligandaki Branch.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever
11. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).